**नेपाल टेलिभिजन संस्थान**
**<u>सिंहदरवार</u>**

**सूचनाको हक सम्बधी ऐन २०६४ को दफा ५ को उप दफा (३) र नियमावलीको प्रयोजनका लागि**

**नियम ३ बमोजिम ३/३ महिनामा अध्यावधिक गरी सार्वजनिक गर्नुपर्ने नेपाल टेलिभिजन संस्थान संग सम्बन्धीत बिवरणहरु**

# (२०७८ माघ-फागुन-चैत्र महिनाको विवरण)

क. **निकायको स्वरुप र प्रकृतिः**

**१ नेपाल टेलिभिजन परिचय :-**

नेपाल टेलिभिजन वि.सं.२०४१ साल माघ १७ गते परियोजनाका रुपमा शुरु भएको थियो । स्थापनाको एक वर्षभित्रै २०४२ साल मंसिर १७ गते यो संस्थानमा परिणत भयो । २०४२ साल पौष १४ गते बाट यसले आफ्नो नियमित प्रसारण प्रारम्भ गरेको हो । नेपाल टेलिभिजन संचार संस्थान ऐन २०२८ अन्तर्गत गठन भएको संस्थान हो । यसले राष्ट्रिय प्रसारण ऐन,२०४९ र राष्ट्रिय प्रसारण नियमावली,२०५२ का अधिनमा रही कार्यक्रम उत्पादन एवं प्रसारण गर्दै आएको छ ।

**१.२ ऐतिहासिक पृष्ठभूमिः-**

वि.सं. २०२८ सालको संचार नीतिले नेपालमा टेलिभिजन प्रसारणको सम्भाव्यतावारे खोजी गर्ने उल्लेख गरेको थियो । सोही अनुरुप वि.सं.२०३७ सालमा गठित शाही प्रेस आयोगले टेलिभिजन स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी योजनाबद्ध रुपमा कार्य सञ्चालन गर्न सुझाब दियो । तिनै सुझाव र मुलुको संस्कृतिको संरक्षण र सम्बर्धन गर्दै सामाजिक, राजनीति र आर्थिक विकासमा सघाउ पुर्याउने ध्येयकासाथ नेपाल टेलिभिजनको स्थापना भएको हो ।

ख. **नेपाल टेलिभिजनको काम, कर्तव्य र अधिकार** :-

**संस्थानको स्थापनाको उद्देश्यः**- अन्तर्राष्ट्रिय प्रविधिको विकास र समयको बढ्दो मागलाई दृष्टिगत गरी टेलिभिजन प्रसारणको माध्यमद्वरा नेपालको साँस्कृतिक सम्पदा, प्राकृतिक स्रोतको संरक्षण र राष्ट्रिय हितको विकास गर्नको लागि नेपालमा टेलिभिजन प्रसारणलाई सुचारु रुपले सञ्चालन र बिस्तार गरी जनमानसमा राष्ट्रिय चेतनाको अभिबृद्दि गर्नु ।

**(संस्थानको काम कर्तब्य)** नेपाल राजपत्र खण्ड ३६, (संख्या १३) असार २३, २०४३

(१) ब्यवसायीक सिद्दान्तको अनुशरण गरी राज्यभर टेलिभिजन सेवा पुर्याउनु यस संस्थानको कर्तब्य हुनेछ ।

(२) सञ्चार संस्थान ऐन, २०२८ को अधिनमा रही संस्थानले निम्नलिखित कार्यहरु गर्न सक्नेछ ।

क) आत्मनिर्भरता हासिल गर्न सचेष्ट हुने ।

ख) टेलिभिजन सेवाको स्तर बढाउन संस्थानको कार्य सञ्चालनमा सुधार ल्याउने।

ग) संस्थानको ब्यावसायिक कार्यक्रमको प्रवर्द्धन गर्ने ।

घ) नेपाल सरकारबाट प्राप्त निर्देशनको अधिनमा रही संस्थानको नीति निर्धारण गर्ने र त्यसको कार्यान्वयनका लागि आवश्यक कदम उठाउने ।

ङ) नेपाल राज्यको सबै ठाँउमा टेलिभिजन कार्यक्रम प्रसारण हुने आवश्यक ब्यवस्था मिलाउने ।

**नेपाल टेलिभिजनका च्यानलहरुको छोटकरी परिचय**

**१ नेपाल टेलिभिजन (राष्ट्रिय प्रसारण)**

नेपाल टेलिभिजनको स्थापना परियोजनाको रुपमा २०४१ माघ १७ गते भएको हो ।नेपाल टिलिभजनको पहिलो च्यानलको रुपमा यसले २०४२ साल साउन २९ गते सफल परीक्षण प्रसारण गरेको र २०४२ साल पुस १४ गते नियमित प्रसारण आरम्भ गरेको हो ।तत्कालीन सरकारले २०४३ असार २३ गते राजपत्रमा सूचना प्रकाशन गरी संञ्चार संस्थान ऐन, २०२८ को दफा ३)१ ( अनुसार नेपाल टेलिभिजन संस्थानको गठन गरेको थियो ।हाल नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारण २४ सै घण्टा HD प्रणालीमा प्रसारण भइरहेको छ ।

**२ एनटीभी प्लस**

नेपाल टेलिभिजनको दोस्रो च्यानल NTV Plus २०६० साल असोज १० गते एनटीभी मेट्रोको नाममा दैनिक डेढ घण्टा प्रसारण गर्दै आरम्भ भएको थियो । स्थापनाकाल देखिनै स्वस्थ मनोरञ्जन, खेलकूद र युवा चासोका विषयवस्तुलाई प्राथमिकता दिँदै आएको छ । कोभिड १९ को विशेष सामग्री स्वस्थ जीवन, भर्चुयल शिक्षण कार्यक्रम पछिल्लो समयमका बढी लोकप्रिय कार्यक्रम हुन् । हाल यो च्यानल २४ सै घण्टा HD प्रणालीमा प्रसारण भइरहेको छ ।

**३ एनटीभी न्यूज च्यानल**

नेपाल टेलिभिजनको तेस्रो च्यानल समाचार च्यानलका रुपमा २०७१ साल कार्तिक १ गते शुरु भएको हो । यस च्यानलले दर्शकलाई आधिकारिक, सत्य र विश्वसनीय सूचना, समाचार हरेक घण्टैपिच्छे जानकारी गराउने तथा समसामयिक विषयवस्तुमा आधारित विषयवस्तुको विश्लेषण र समसामयिक विषयका टक शोहरुलाई प्राथमिकता दिएको छ ।हाल यो च्यानल २४ घण्टा HD प्रणालीमा प्रसारण भइरहेको छ ।

### ४ एनटीभी कोहलपुर च्यानल

नेपाल टेलिभिजनको केन्द्रीय प्रसारणले मात्रै सबै देशको भूगोल र जनसंख्या समेट्न नसक्ने भएकोले प्रदेश नम्बर ५ बाँकेको कोहलपुरमा नेपाल टेलिभिजनको क्षेत्रीय प्रसारणका रुपमा कोहलपुर च्यानल २०५३ सालमा स्थापना भएको हो । तत्कालीन नेकपा माओवादीद्वारा २०६१ फागुन १३ मा आक्रमण गरिएपछि बन्द रहेको उक्त प्रसारण केन्द्र २०७४ वैशाख १ गतेदेखि नियमित प्रसारणमा रहेको छ । तत्कालिन समयमा क्षेत्रीय अवधारणामा आधारित भइ स्थापित यस च्यानललाई हाल प्रदेश नम्बर ५, कर्णाली र सुदूरपश्चिम प्रदेश केन्द्रीत प्रादेशिक च्यानलमा रुपान्तरण गरि स्थानीय स्थानीय कला संस्कृतिको प्रवर्द्धन गर्दै सो क्षेत्रका सूचना तथा समाचार समेटी प्रसारण गर्दै आएको छ । हाल यो च्यानल २४ घण्टा HD प्रणालीमा प्रसारण भइरहेको छ ।

### ५. एनटीभी इटहरी च्यानल

नेपाल टेलिभिजनको पाँचौं च्यानलको रुपमा २०७६ माघ १७ गतेदेखि औपचारिक रुपमा इटहरी च्यानलको प्रसारण शुरु भएको हो । यो च्यानलको कार्यालय पूर्वी नेपालको प्रदेश नम्बर १ को इटहरीमा रहेको छ । यस च्यानलले प्रदेश नम्बर १ र २ को दर्शकहरुको सूचना र मनोरञ्जनको आवश्यकतालाई मध्यनजर गर्दै यहाँको जनजीवन, भूगोल, कलासंस्कृति, भौतिक एवं सामाजिक विकासका गतिविधिलाई समेटेर सामग्रीहरु उत्पादन र प्रसारण गर्ने गर्दछ । यो च्यानल २४ घण्टा HD प्रणालीमा प्रसारण भइरहेको छ र स्थापनाको छोटो अवधिमै दर्शकहरुको मन जित्न सफल भई लोकप्रिय च्यानलको रुपमा स्थापित भएको छ । यस च्यानलले कोभिड १९ सम्बन्धि जनचेतनामूलक सन्देशहरु लिम्बू, बान्तवा राई, मैथिली, थारु, राजवंशी, नेपाली र सांकेतिक भाषमा पनि प्रसारण गर्दै आएको छ ।

## ६. Digital Platform मा नेपाल टेलिभिजन

डिजिटल माध्यमहरुमा आफ्नो खासै उपस्थिति जनाउन नसकिरहेको नेपाल टेलिभिजनले पछिल्लो समयमा उल्लेखनीय रुपमा फड्को मारेको छ । जसको परिणाम स्वरुप इन्टरनेट सुविधा भएका संसारका जुनसुकै स्थानमा नेपाल टेलिभिजनका सबै च्यानलहरुको लाइभस्ट्रिमका साथै समाचार र कार्यक्रमहरु आफ्नो अनुकुलता अनुसार हेर्न सकिने भएको छ ।

नेपाल टेलिभिजनको Digital Platform अन्तर्गत Mobile App, Facebook Page, You Tube Channel, Twitter, News site औपचारिक तथा व्यवस्थित रुपमा २०७६ माघ २० बाट शुरु गरिएको हो । Digital Platform सञ्चालन सम्बन्धी कार्यदल गठन भएर कार्यदलले नियमित कार्य गर्दै आएको छ । हाल Digital Platform का माध्यमद्वारा दर्शकमाझ नेपाल टेलिभिजनको उपस्थिति बलियो हुँदै गएको छ ।

### ६.१ मोवाइल एप (Mobile Apps)

नेपाल टेलिभिजनको मोवाइल एप मार्फत् यसका ५ वटै च्यानलहरु इन्टरनेटको पहुँच भएको संसारको कुनै पनि ठाउँबाट प्रत्यक्ष हेर्न सकिन्छ ।साथै, विभिन्न कार्यक्रमहरु तथा समाचार पनि हेर्न तथा समाचारहरू पढ्न सकिन्छ । नेपाल टेलिभिजनको मोवाइल एप Google Play Store तथा Apple App Store बाट डाउनलोड गरी हेर्न सकिन्छ ।

### ६. २ अनलाइन समाचार पोर्टल (Online News Portal)

नेपाल टेलिभिजनको समाचार प्रसारण र विभिन्न माध्यमहरुको प्रयोग गरी यसको दायरा विस्तार गर्ने र घटनाक्रमहरुलाई अनलाइन मार्फत तत्कालै विश्वभर रहेका नेपाल टेलिभिजनका दर्शकहरुलाई सुसूचित गराउने उद्धेश्य र योजना अनुरुप संस्थानको अनलाइन समाचार पोर्टललाई पुनर्संरचना गरी छुट्टै अनलाइन समाचार पोर्टल nepaltvonline.com सञ्चालनमा ल्याइएको छ । नेपाल टेलिभिजनको अनलाइन समाचार पोर्टलमार्फत् आधिकारिक तथा विश्वसनीय समाचार इन्टरनेट पहुँच भएको संसारको सबै ठाउँबाट पढ्न र हेर्न सकिन्छ । पछिल्लो समय विश्वभर सञ्चारमाध्यमहरु Integrated Media को अभ्यासमा अग्रसर छन् । नेपाल टेलिभिजनले पनि यो अभ्यासलाई आत्मसात गर्दै जाने अभियान स्वरुप अनलाइन पोर्टललाई विकास गरिरहेको छ ।

### ६ .३ वेवसाइट (Website)

नेपाल टेलिभिजनको प्रशासनिक एवम् व्यवस्थापकीय क्रियाकलापको पारदर्शिता र तत् सम्वन्धी आधिकारिक सूचना प्रवाहका लागि बेग्लै कर्पोरेट साइट ntv.org.np सञ्चालनमा ल्याइएको छ । यसलाई इन्टरनेट पहुँच भएको संसारको सबै ठाउँबाट पढ्न र हेर्न सकिन्छ ।

### ६ .४ फेसबुक पेज ( Facebook Page)

नेपाल टेलिभिजनले सोसल मिडियामा आफ्नो पहुँच विस्तार गर्ने क्रममा फेसबुक पेज www.facebook.com/neptv2041 संचालनमा ल्याएको छ । नेपाल टेलिभिजनको फेसबुक पेज मार्फत् समाचार लगायत महत्वपूर्ण कार्यक्रमहरु हेर्न सकिन्छ ।

### ६.५ युट्युब पेज ( YouTube Page)

नेपाल टेलिभिजनको युट्युब च्यानल www.yotube.com/nepaltelevision मार्फत् नेपाल टेलिभिजनका सबै कार्यक्रमहरु इन्टरनेट पहुँच भएको संसारको सबै ठाउँबाट आफुले चाहेको समयमा हेर्न सकिन्छ।

## ग. निकायमा रहने पदाधिकारी/ कर्मचारी संख्या र कार्य विवरण:-

| विवरण | स्वीकृत दरबन्दी संख्या | पूर्ति दरबन्दी संख्या | पूर्तिहुन बाँकी दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|
| स्थायी | ४३४ | २६७ | १६७ | |

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | श्री फूलमान वल तामाङ | महाप्रवन्धक |
| २ | श्री विष्णुराम न्यौपाने | नायव महाप्रबन्धक (प्रशासन( |
| ३ | श्री आरती चटौत | निनायव महाप्रबन्धक . निर्देशक (.का) |

| | | |
|---|---|---|
| ४ | श्री चिन्तामणि बराल | निर्देशक निनायब . महाप्रबन्धक |
| ५ | श्री सुरज थापा | निर्देशक |
| ६ | श्री राजकुमार थापा | निर्देशक |
| ७ | श्री पुरुषोत्तम महर्जन | प्रमुख प्रशासन अधिकृत |
| ८ | श्री उत्तम सिलवाल | प्रमुख क्यामराम्यान |
| ९ | श्री रविन्द्र घिमिरे | प्रमुख निर्माता |
| १० | डाटङ्कप्रसाद . उप्रेती | प्रमुख निर्माता |
| ११ | श्री पवनकुमार माण्डव्य | प्रमुख लेखा अधिकृत |
| १२ | श्री पुष्पहरि क्याम्पाराई | प्रमुख समाचार सम्पादक |
| १३ | श्री रविन्द्रराज पराजुली | प्रमुख इन्जिनियर |
| १४ | श्री रेवन्तबहादुर ओली | प्रमुख समाचार सम्पादक |
| १५ | श्री मुकेश श्रेष्ठ | प्रमुख क्यामराम्यान |
| १६ | श्री विजयकुमार वर्मा | प्रमुख निर्माता |
| १७ | श्री रोशनादेवी तुलाधर | प्रमुख दृश्य सम्पादक |
| १८ | श्री नीता सापकोटा | प्रमुख निर्माता |
| १९ | श्री ओमप्रकाश श्रेष्ठ | कार्यकारी इन्जिनियर |
| २० | श्री हरिप्रसाद भण्डारी | कार्यकारी इन्जिनियर |
| २१ | श्री सुरेशराज मानन्धर | कार्यकारी क्यामराम्यान |
| २२ | श्री उमेशप्रसाद लोहनी | कार्यकारी स्टुडियो निर्माता |
| २३ | श्री बरुणकुमार सिंह | कार्यकारी इन्जिनियर |
| २४ | श्री रामवावु अधिकारी | कार्यकारी ध्वनि नियन्त्रक |
| २५ | श्री राजेन्द्रराज तिमिल्सिना | कार्यकारी समाचार सम्पादक |
| २६ | श्री गजुरधन राई | कार्यकारी समाचार सम्पादक |

| | | |
|---|---|---|
| २७ | श्री जनकप्रसाद खनाल | कार्यकारी प्रशासन अधिकृत |
| २८ | श्री ऋषिराम भन्तना | कार्यकारी लेखा अधिकृत |
| २९ | श्री अशोककुमार घिमिरे | कार्यकारी व्यापार प्रवर्धक |
| ३० | श्री सम्झना कर्माचार्य | कार्यकारी दृश्य समपादक |
| ३१ | श्री विजेन्द्रप्रसाद गुप्ता | कार्यकारी इञ्जिनियर |
| ३२ | श्री रामप्रसाद भण्डारी | कार्यकारी समाचार सम्पादक |
| ३३ | श्री नीराजन खनाल | कार्यकारी समाचार सम्पादक |
| ३४ | श्री सुनिलकुमार श्रेष्ठ | कार्यकारी इञ्जिनियर |
| ३५ | श्री सदेशराम चौधरी | कार्यकारी प्रशासन अधिकृत |
| ३६ | श्री योगराज पौडेल | कार्यकारी लेखा अधिकृत |
| ३७ | श्री मिश्रीलाल यादव | कार्यकारी सम्पादक |
| ३८ | श्री अनिल बिष्ट | कार्यकारी ध्वनि नियन्त्रक |
| ३९ | श्री श्याम ढकाल | कार्यकारी प्रशासन अधिकृत |
| ४० | श्री अरविन्द आचार्य | कार्यकारी क्यामराम्यान |
| ४१ | श्री सुरेन्द्रबहादुर बस्नेत | कार्यकारी व्यापार प्रवर्धक |
| ४२ | श्री बसन्तकुमार रुपाखेती | कार्यकारी क्यामराम्यान |
| ४३ | श्री दीपक आचार्य | कार्यकारी निर्माता |
| ४४ | श्री गोपालप्रसाद दाहाल | इञ्जिनियर |
| ४५ | श्री इन्द्रबन्धु पोखरेल | इञ्जिनियर |
| ४६ | श्री मनोजकुमार चौधरी | इञ्जिनियर |
| ४७ | श्री सुरेन्द्रकुमार कर्ण | इञ्जिनियर |
| ४८ | श्री पुरुषोतम घिमिरे | वरिष्ठ क्यामराम्यान |
| ४९ | श्री रामचन्द्र साह | इञ्जिनियर(मेकानिकल) |

| | | |
|---|---|---|
| ५० | श्री नीरज साउद | वरिष्ठ समाचार सम्पादक |
| ५१ | श्री शोभा श्रेष्ठ | बरिष्ठ समाचार सम्पादक (अंग्रेजी( |
| ५२ | श्री गोविन्द धिताल | वरिष्ठ समाचार सम्पादक |
| ५३ | श्री शालीग्राम सुवेदी | वरिष्ठ समाचार सम्पादक |
| ५४ | श्री राजेन्द्रप्रसाद यादव | इञ्जिनियर |
| ५५ | श्री दुर्गानाथ सुवेदी | वरिष्ठ समाचार सम्पादक |
| ५६ | श्री जोगरत्न शाक्य | वरिष्ठ दृश्य समपादक |
| ५७ | श्री रमेश मिश्र | वरिष्ठ प्रशासन अधिकृत |
| ५८ | श्री रविचन्द्र पराजुली | वरिष्ठ समाचार सम्पादक |
| ५९ | श्री चुडामणि नेपाल | वरिष्ठ समाचार सम्पादक |
| ६० | श्री रामचन्द्र लोहार | वरिष्ठ ध्वनि नियन्त्रक |
| ६१ | श्री सुदीप बुढाथोकी | वरिष्ठ क्यामराम्यान |
| ६२ | श्री जमुनादेवी भट्टराई | वरिष्ठ लेखा अधिकृत |
| ६३ | श्री बद्रीकाजी गुरुङ | वरिष्ठ समाचार सम्पादक |
| ६४ | श्री रामकिसुन महतो | इञ्जिनियर |
| ६५ | श्री हरिगोविन्द श्रेष्ठ | बरिष्ठ दृश्य समपादक |
| ६६ | श्री आलोककुमार तिवारी | बरिष्ठ ध्वनि नियन्त्रक |
| ६७ | श्री सुरेन्द्रराज वाँनिया | बरिष्ठ प्रशासन अधिकृत |
| ६८ | श्री बद्रीकुमार गौतम | बरिष्ठ समाचार सम्पादक |
| ६९ | श्री अनिता बिन्दू | बरिष्ठ समाचार सम्पादक |
| ७० | श्री जीवबहादुर थापा | बरिष्ठ लेखा अधिकृत |
| ७१ | श्री अर्जुनकुमार बटाला | इञ्जिनियर |
| ७२ | श्री दीपकजङ्ग हमाल | वरिष्ठ दृश्य सम्पादक |

| | | |
|---|---|---|
| ७३ | श्री दीपराज बस्नेत | ईन्जिनियर (सिभिल) |
| ७४ | श्री शिवानी थापा | बरिष्ठ समाचार सम्पादक |
| ७५ | श्री देवीप्रसाद सापकोटा | बरिष्ठ समाचार सम्पादक |
| ७६ | श्री भोजराज बड़ु | बरिष्ठ ध्वनि नियन्त्रक |
| ७७ | श्री विश्वेश्वर पौडेल | इञ्जिनियर |
| ७८ | श्री शिक्षा भट्टराई | बरिष्ठ समाचार सम्पादक |
| ७९ | श्री टीका ढकाल | बरिष्ठ व्यापार प्रवर्धक |
| ८० | श्री गंगाप्रसाद खतिवडा | बरिष्ठ प्रशासन अधिकृत |
| ८१ | श्री सुभद्रा गौतम | बरिष्ठ समाचार सम्पादक |
| ८२ | श्री अमित कुमार बर्मा | बरिष्ठ ध्वनि नियन्त्रक |
| ८३ | श्री टुयलकुमार अधिकारी | बरिष्ठ प्रशासन अधिकृत |
| ८४ | श्री दिनेश पौडेल | बरिष्ठ लेखा अधिकृत |
| ८५ | श्री शंकरकुमार बुढाथोकी | बरिष्ठ क्यामराम्यान |
| ८६ | श्री प्रकाश महत | बरिष्ठ क्यामराम्यान |
| ८७ | श्री रमेश नागिला | बरिष्ठ प्रशासन अधिकृत |
| ८८ | श्री सन्तोष खड्का | बरिष्ठ दृश्य सम्पादक |
| ८९ | श्री मोहनकुमार सिंह | बरिष्ठ दृश्य सम्पादक |
| ९० | श्री हेमप्रसाद घिमिरे | बरिष्ठ लेखा अधिकृत |
| ९१ | श्री मधुकर महर्जन | प्रशासन अधिकृत |
| ९२ | श्री परमानन्द राय | दृश्य समपादक |
| ९३ | श्री रवि तुलाधर | क्यामराम्यान |
| ९४ | श्री प्रदीपकुमार चापागाई | समाचार सम्पादक |
| ९५ | श्री लक्ष्मीप्रकास श्रेष्ठ | प्रशासन अधिकृत |

| | | |
|---|---|---|
| ९६ | श्री रामेश्वरप्रसाद धामी | प्रशासन अधिकृत |
| ९७ | श्री सरस्वती शर्मा | दृश्य समपादक |
| ९८ | श्री रमेश महर्जन | आर्टिष्ट |
| ९९ | श्री सुधीरकुमार मिश्र | क्यामराम्यान |
| १०० | श्री चन्दनविक्रम शाह | कम्प्युटर अधिकृत |
| १०१ | श्री दिलीपकुमार श्रेष्ठ | लेखा अधिकृत |
| १०२ | श्री प्रशान्त कुथु | प्राविधिक अधिकृत |
| १०३ | श्री दीपकराज श्रेष्ठ | आर्टिष्ट |
| १०४ | श्री सुस्मिताकुमारी आचार्य | अधिकृत कम्प्युटर अपरेटर |
| १०५ | श्री मोहनसिंह महर्जन | प्राविधिक अधिकृत |
| १०६ | श्री टेकबहादुर खड्का | क्यामराम्यान |
| १०७ | श्री दिलीपकुमार सिंह | स्टूडियो निर्माता |
| १०८ | श्री ओमकारनाथ शुक्ल | प्राविधिक अधिकृत |
| १०९ | श्री संजयकुमार गुप्ता | प्राविधिक अधिकृत |
| ११० | श्री सुरेन्द्र पौड्याल | समाचार सम्पादक |
| १११ | श्री विष्णुभक्त महर्जन | क्यामराम्यान |
| ११२ | श्री कुमार शर्मा | क्यामराम्यान |
| ११३ | श्री अनिता गिरी | प्राविधिक अधिकृत |
| ११४ | श्री पराजन के.सी. | प्राविधिक अधिकृत |
| ११५ | श्री पूजा श्रेष्ठ | ध्वनि नियन्त्रक |
| ११६ | श्री अनुप पौडेल | दृश्य सम्पादक |
| ११७ | श्री मधुकर विश्वकर्मा | कम्प्युटर अधिकृत |
| ११८ | श्री गोमादेवी श्रेष्ठ | अधिकृत टाइपिष्ट |

| | | |
|---|---|---|
| ११९ | श्री राजेन्द्र पोखरेल | ध्वनि नियन्त्रक |
| १२० | श्री लोकबहादुर खत्री | प्राविधिक अधिकृत |
| १२१ | श्री अनन्त चालिसे | क्यामराम्यान |
| १२२ | श्री अशोककुमार बस्नेत | क्यामराम्यान |
| १२३ | श्री विवेक तिम्सिना | प्राविधिक अधिकृत |
| १२४ | श्री दिनेशप्रसाद सिंह | प्रशासन अधिकृत |
| १२५ | श्री राजेन्द्र पोखरेल | समाचार सम्पादक |
| १२६ | श्री केशवराज विष्ट | समाचार सम्पादक |
| १२७ | श्री छहरा दवाडी | समाचार सम्पादक |
| १२८ | श्री रोविन शर्मा (दाहाल) | क्यामराम्यान |
| १२९ | श्री दामोदर गजुरेल | दृश्य सम्पादक |
| १३० | श्री प्रविन्द्रकुमार श्रीवास्तव | ध्वनि नियन्त्रक |
| १३१ | श्री जीवन काफले | प्रशासन अधिकृत |
| १३२ | श्री वरुणानन्द मल्लिक | प्राविधिक अधिकृत |
| १३३ | श्री विकासकुमार भट्टराई | प्रशासन अधिकृत |
| १३४ | श्री कल्पना बज्राचार्य | कम्प्युटर अधिकृत |
| १३५ | श्री अंजना शिल्पकार | निर्माता |
| १३६ | श्री सूचना भण्डारी | दृश्य सम्पादक |
| १३७ | श्री सलोजा दाहाल | समाचार सम्पादक |
| १३८ | श्री सरोज महर्जन | दश्य संग्रहलय अधिकृत |
| १३९ | श्री नवराज दाहाल | क्यामराम्यान |
| १४० | श्री शिवनारायण चौधरी | प्राविधिक अधिकृत |
| १४१ | श्री सुन्दरलाल चौधरी | प्राविधिक अधिकृत |

| | | |
|---|---|---|
| १४२ | श्री उमेशहरि आचार्य | प्राविधिक अधिकृत |
| १४३ | श्री शिव पंगेनी | क्यामराम्यान |
| १४४ | श्री बाटिका राणा | दृश्य सम्पादक |
| १४५ | श्री स्वेता थापा | ध्वनि नियन्त्रक |
| १४६ | श्री कविता ढुंगाना | लेखा अधिकृत |
| १४७ | श्री दिलीपकुमार ओझा | प्रशासन अधिकृत |
| १४८ | श्री तिलकबहादुर थापा | वरिष्ठ सहायक प्राविधिक |
| १४९ | श्री रमेश डंगोल | वरिष्ठ सहायक प्राविधिक |
| १५० | श्री लक्ष्मी प्रसाद भट्टराई | वरिष्ठ सहायक कम्प्युटर अपरेटर |
| १५१ | श्री रुद्रनाथ शुक्ल | वरिष्ठ सहायक क्यामराम्यान |
| १५२ | श्री सरोज शर्मा आचार्य | वसहायक ध्वनि. नियन्त्रक |
| १५३ | श्री खड्गबहादुर बस्नेत | वसहायक ध्वनि. नियन्त्रक |
| १५४ | श्री प्रदीप लुइंटेल | वरिष्ठ सहायक प्राविधिक |
| १५५ | श्री सुमितकुमार गुप्ता | वरिष्ठ सहायक प्राविधिक |
| १५६ | श्री प्रध्यूम्न मिश्र | वरिष्ठ सहायक क्यामराम्यान |
| १५७ | श्री सुरेन्द्र आचार्य | वरिष्ठ सहायक क्यामराम्यान |
| १५८ | श्री अनिता रिमाल | वरिष्ठ सहायक लेखा |
| १५९ | श्री सुजिता गिरी | वरिष्ठ सहायक कम्प्युटर अपरेटर |
| १६० | श्री विष्णु पन्थी | वरिष्ठ सहायक क्यामराम्यान |
| १६१ | श्री सूर्यप्रकाश पोखरेल | वरिष्ठ सहायक प्राविधिक |
| १६२ | श्री कपिल भट्टराई | वरिष्ठ सहायक प्राविधिक |
| १६३ | श्री अन्जनकुमार चौधरी | वरिष्ठ सहायक प्राविधिक |
| १६४ | श्री जयशंकर त्रिपाठी | वरिष्ठ सहायक प्राविधिक |

| | | |
|---|---|---|
| १६५ | श्री प्रध्युम्न  ढुंगेल | वरिष्ठ  सहायक क्यामराम्यान |
| १६६ | श्री कृष्णबहादुर  रजक | वरिष्ठ  सहायक क्यामराम्यान |
| १६७ | श्री  सानोकाजी श्रेष्ठ | वरिष्ठ  सहायक प्राविधिक |
| १६८ | श्री  अनुपकुमार घिमिरे | वरिष्ठ  सहायक क्यामराम्यान |
| १६९ | श्री  प्रदिप बस्नेत | वरिष्ठ  सहायक  लेखा |
| १७० | श्री  नरेश खड्का | वरिष्ठ  सहायक  दृश्य सम्पादक |
| १७१ | श्री  भोजबहादुर विश्वकर्मा | वसहायक  ध्वनि. नियन्त्रक |
| १७२ | श्री शैलेन्द्रकुमार  झा | वरिष्ठ  सहायक प्राविधिक |
| १७३ | श्री  रामकुमार थापा | वरिष्ठ  सहायक क्यामराम्यान |
| १७४ | श्री  माया खत्री | वरिष्ठ  सहायक  प्रशासन |
| १७५ | श्री  बमबहादुर खड्का | वरिष्ठ  सहायक प्राविधिक |
| १७६ | श्री  उमादत्त भट्ट | वरिष्ठ  सहायक प्राविधिक |
| १७७ | श्री  हेमबहादुर कार्की | वरिष्ठ  सहायक  प्रशासन |
| १७८ | श्री  धुर्व थापा | वरिष्ठ  सहायक क्यामराम्यान |
| १७९ | श्री  खिमबहादुर खत्री | वरिष्ठ  सहायक  प्रशासन |
| १८० | श्री  राजकुमार राउत | बरिष्ठ  सहायक प्राविधिक |
| १८१ | श्री  दीपक पराजुली | बरिष्ठ  सहायक प्राविधिक |
| १८२ | श्री उज्जनारायण  श्रेष्ठ | बरिष्ठ  सहायक प्राविधिक |
| १८३ | श्री  विजय  शाह | बरिष्ठ  सहायक प्राविधिक |
| १८४ | श्री  रजनी शाक्य | बरिष्ठ  सहायक  लेखा |
| १८५ | श्री  सनोज महर्जन | बरिष्ठ  सहायक क्यामराम्यान |
| १८६ | श्री  ममता कोइराला | बरिष्ठ  सहायक क्यामराम्यान |
| १८७ | श्री  विनिता रिजाल | बरिष्ठ  सहायक क्यामराम्यान |

| | | |
|---|---|---|
| १८८ | श्री राजेश थापामगर | बरिष्ठ सहायक क्यामराम्यान |
| १८९ | श्री सुशिल अधिकारी | बरिष्ठ सहायक ध्वनि नियन्त्रक |
| १९० | श्री सन्तोष सिंह | बरिष्ठ सहायक ध्वनि नियन्त्रक |
| १९१ | श्री विष्णुहरि कोइराला | वरिष्ठ सहायक दृश्य सम्पादक |
| १९२ | श्री ज्योती काफ्ले | वरिष्ठ सहायक दृश्य सम्पादक |
| १९३ | श्री लक्ष्मी गौतम | वरिष्ठ सहायक दृश्य सम्पादक |
| १९४ | श्री उमेशकुमार चौधरी | वरिष्ठ सहायक प्राविधिक |
| १९५ | श्री मेनुका राई थेवे | वरिष्ठ सहायक प्रशासन |
| १९६ | श्री मीना महर्जन | वरिष्ठ सहायक प्रशासन |
| १९७ | श्री कल्पना शर्मा | वरिष्ठ सहायक प्रशासन |
| १९८ | श्री सानु खड्का | वरिष्ठ सहायक दृश्य सम्पादक |
| १९९ | श्री मुकेश चौधरी | वरिष्ठ सहायक दृश्य सम्पादक |
| २०० | श्री विनय देसार | वरिष्ठ सहायक क्यामराम्यान |
| २०१ | श्री गणेशबहादुर ढकाल क्षेत्री | वरिष्ठ सहायक प्राविधिक |
| २०२ | श्री विवेक कठायत | वरिष्ठ सहायक प्रशासन |
| २०३ | श्री सदानन्द मल्लिक | वरिष्ठ सहायक प्राविधिक |
| २०४ | श्री पुष्पा खनाल | वरिष्ठ सहायक ध्वनी नियन्त्रक |
| २०५ | श्री राकेश चौधरी | वरिष्ठ सहायक प्राविधिक |
| २०६ | श्री कृष्णलोचन झा | वरिष्ठ सहायक सुरक्षा |
| २०७ | श्री शम्भूप्रसाद अधिकारी | वरिष्ठ सहायक प्रशासन |
| २०८ | श्री धनबहादुर खड्का | बरिष्ठ सहायक प्राविधिक (.अ.ट्रा) |
| २०९ | श्री टीकाराम भण्डारी | बरिष्ठ सहायक प्राविधिक (.अ.ट्रा) |
| २१० | श्री राममान श्रेष्ठ | बरिष्ठ सहायक प्राविधिक (.अ.ट्रा) |

| | | |
|---|---|---|
| २११ | श्री  गौरव बोगटी | बरिष्ठ  सहायक प्राविधिक  (.अ.ट्रा) |
| २१२ | श्री अरविन्दकुमार  यादव | बरिष्ठ  सहायक प्राविधिक  (.अ.ट्रा) |
| २१३ | श्री  राजु क्षेत्री | बरिष्ठ  सहायक प्राविधिक  (.अ.ट्रा) |
| २१४ | श्री  सुनिता शर्मा | बरिष्ठ  सहायक प्राविधिक  (.अ.ट्रा) |
| २१५ | श्री  सन्ध्या पौडेल  आचार्य | बरिष्ठ  सहायक  प्रशासन |
| २१६ | श्री  करिश्मा कवर | बरिष्ठ  सहायक  प्रशासन |
| २१७ | श्री  देवानसिंह पुन | बरिष्ठ  सहायक  प्रशासन |
| २१८ | श्री  प्रभा भण्डारी | बरिष्ठ  सहायक  लेखा |
| २१९ | श्री  राजकुमार महत | सहायक  सुरक्षा |
| २२० | श्री  लक्ष्मण रावल  धामी | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २२१ | श्री  डिल्लीराम माझी | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २२२ | श्री सूर्यबहादुर  लामा | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २२३ | श्री  घनश्याम कार्की | सहायक प्राविधिज्ञ(भिटिआर) |
| २२४ | श्री  तरनारायण गच्छदार | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २२५ | श्री  अनुप  राई | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २२६ | श्री  रामकला राना | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २२७ | श्री  संजु  शाह | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २२८ | श्री  रमेशकुमार माझी | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २२९ | श्री विद्याकान्त  पण्डित | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २३० | श्री  सुमनकुमार श्रेष्ठ | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २३१ | श्री  रोशी घिमिरे | सहायक  प्राविधिक (ट्रा(.अ. |
| २३२ | श्री गणेशवहादुर  अधिकारी | सहायक  सुरक्षा |
| २३३ | श्री भुमाकुमारी  आर्चाय | सहायक  प्रशासन |

| | | |
|---|---|---|
| २३४ | श्री मिरादेवी अधिकारी | सहायक प्रशासन |
| २३५ | श्री पर्वत कार्की | सहायक लेखा |
| २३६ | श्री महेश निरौला | सहायक प्राविधिक (ट्रा(.अ. |
| २३७ | श्री भीमप्रसाद तिमिल्सिना | हेभी चालक (५) |
| २३८ | श्री मदनकृष्ण श्रेष्ठ | चालक (५) |
| २३९ | श्री कमलप्रसाद गोतामे | चालक (५) |
| २४० | श्री अशोककुमार वखती | चालक (५) |
| २४१ | श्री खिलकराज खड्का | हेभी चालक (५) |
| २४२ | श्री श्यामलाल थारु | चालक (४) |
| २४३ | श्री सूर्य भुजेल | चालक (४) |
| २४४ | श्री राजमान तामाङ | चालक (१) |
| २४५ | श्री जीवन तामाङ | चालक (१) |
| २४६ | श्री नामसारी महर्जन | हल्कारा (५) |
| २४७ | श्री जीतेन्द्र डँगोल | हल्कारा (५) |
| २४८ | श्री रामबहादुर बरुवाल | कार्यालय सहयोगी (५) |
| २४९ | श्री श्रीराम विष्ट | कार्यालय सहयोगी (५) |
| २५० | श्री दिनेशथापा मगर | कार्यालय सहयोगी (५) |
| २५१ | श्री राजु लोहनी | कार्यालय सहयोगी (५) |
| २५२ | श्री जोगीन्दर मंडल | कार्यालय सहयोगी (५) |
| २५३ | श्री वृक्षा महरा | कार्यालय सहयोगी (५) |
| २५४ | श्री ध्यानी विश्वास | कार्यालय सहयोगी (५) |
| २५५ | श्री कर्णबहादुर थापा | कार्यालय सहयोगी (५) |
| २५६ | श्री नरहरि चपाईं | कार्यालय सहयोगी (५) |

| | | |
|---|---|---|
| २५७ | श्री विष्णुवहादुर कुमाल | कार्यालय सहयोगी (५) |
| २५८ | श्री उमा धिमाल | कार्यालय सहयोगी (५) |
| २५९ | श्री जगदीशप्रसाद लोनिया | कार्यालय सहयोगी (५) |
| २६० | श्री देवेन्द्रप्रसाद फुयाल | कार्यालय सहयोगी (५) |
| २६१ | श्री ओमवहादुर खत्री | कार्यालय सहयोगी (५) |
| २६२ | श्री तुलसा चालिसे | कार्यालय सहयोगी (४) |
| २६३ | श्री कृष्णबहादुर रावल | कार्यालय सहयोगी (३) |
| २६४ | श्री सरिता तिमिल्सिना | कार्यालय सहयोगी (३) |
| २६५ | श्री शम्भू थापामगर | कार्यालय सहयोगी (३) |
| २६६ | श्री महेन्द्रबहादुर दाहाल | कार्यालय सहयोगी (३) |
| २६७ | श्री दशबहादुर श्रेष्ठ | कार्यालय सहयोगी (३) |

घ **नेपाल टेलिभिजनबाट प्रदान गरिने सेवा:-** टेलिभिजन प्रसारणको माध्यमद्वारा जनतालाई सूसुचित गर्ने, शिक्षित गर्ने, सकारात्मक परिवर्तनका लागि उत्प्रेरित गर्ने र मनोरञ्जन दिने

ङ **नेपाल टेलिभिजनको शाखा/ महाशाखा र जिम्मेवार अधिकारी**

श्री इन्जिनियरिङ महाशाखा, निर्देशक -सुरज थापा
श्री योजना,अनुसन्धान तथा अ.स. महाशाखा निर्देशक - सुरज थापा
श्री व्यापार महाशाखा, निर्देशक -राजकुमार थापा
श्री प्रशासन महाशाखा, प्रमुख -पुरुषोत्तम महर्जन
श्री कार्यक्रम महाशाखा ( एन. टि. भि. प्लस) प्रमुख - रविन्द्र घिमिरे
श्री कार्यक्रम महाशाखा (राष्ट्रिय प्रसारण),प्रमुख -डा.टङ्कप्रसाद उप्रेती
श्री अपरेशन महाशाखा, प्रमुख -उत्तम सिलवाल
श्री आर्थिक प्रशासन महाशाखा, प्रमुख -पवन माण्डव्य
श्री एनटिभी इटहरी च्यानल,सुनसरी, प्रमुख - पुष्पहरि क्याम्पा राई
श्री समाचार महाशाखा, नि.प्रमुख - रेवन्तबहादुर ओली
श्री एनटीभी कोहलपुर च्यानल बाँके, प्रमुख - विजयकुमार वर्मा

श्री आन्तरिक लेखा परीक्षण, प्रमुख - सुरेन्द्रबहादुर बस्नेत

**च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:-**

## नागरिक वडापत्र (Citizen Charter)

| क्र.सं. | प्रदान गरिने सेवाहरु | आवश्यक पर्ने कागजात | लाग्ने समय | लाग्ने शुल्क | सम्पर्क पदाधिकारी /महाशाखा/शाखा/ कोठा नंबर | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | समाचार संकलन, प्रसारण तथा टक सो कार्यक्रम उत्पादन एवं प्रसारण गर्न | निमन्त्रणा पत्र, टेलिफोन, फ्याक्स,इमेल वा कागजात | अविलम्व | नि:शुल्क | प्रमुख, समाचार महाशाखा/ सिफ्ट इन्चार्ज | महाप्रवन्धक |
| २. | कार्यक्रम उत्पादन गर्न | आवश्यक विवरण खुलेको निवेदन | सम्झौता अनुसार | नियमानुसार को शुल्क | प्रमुख, कार्यक्रम/व्यापार महाशाखा/सम्वन्धित शाखा र निर्माता | महाप्रवन्धक |
| ३. | कार्यक्रम प्रसारण गर्न | संस्थाबाट कार्यक्रमको विवरण खुलेको निवेदन | ७ दिन | नियमानुसार को शुल्क | प्रमुख, कार्यक्रम महाशाखा /सम्बन्धित शाखा | नायव महाप्रवन्धक (कार्यक्रम)/ महाप्रवन्धक |
| ४. | गीत/ भजन On Air गर्न | कार्यक्रम महाशाखाबाट उपलब्ध हुने फारम सहित पेश गर्नु पर्ने | ७ दिन | नि:शुल्क | प्रमुख, कार्यक्रम महाशाखा वा सम्बन्धित शाखा | नायव महाप्रवन्धक (कार्यक्रम) |
| ५. | वाह्य संघ/संस्थाका लागि निर्माण हुने कार्यक्रमहरु प्रसारण गर्न | के कस्तो कार्यक्रम निर्माण गर्ने एवं छायाङ्कन स्थल खुलेको पत्र | ३ दिन | नि:शुल्क | प्रमुख, कार्यक्रम महाशाखा र सम्बन्धित शाखा | नायव महाप्रवन्धक (कार्यक्रम) |
| ६. | कार्यक्रम प्रसारण प्रमाणपत्र लिन | कुन कार्यक्रम, कहिले प्रस ारण भएको हो ? खुलेको पत्र सहितको निवेदन | २ दिन | नियमानुसार | प्रमुख, कार्यक्रम / व्यापार महाशाखा/ विज्ञापन शाखा | नायव महाप्रवन्धक (प्रशासन) |
| ७. | दृश्य संग्राहलयबाट दृश्य लिन | कुन दृश्य, कति समयको, माग र प्रयोजन के हो विवरण खुलेको निवेदन | २ दिन | नियमानुसार प्रति मिनेट शुल्क | प्रमुख, कार्यक्रम महाशाखा र सम्बन्धित शाखा | नायव महाप्रवन्धक (कार्यक्रम) |
| ८. | सूचना प्रसारण तथा Live Notice / Ad notice | अर्डर लेटर, सूचना तथा प्रसारण योग्य सामग्री | १ दिन | नियमानुसार | प्रमुख, विज्ञापन शाखा/ व्यापार महाशाखा | नायव महाप्रवन्धक (प्रशासन) |
| ९. | मानिस हराएको सूचना प्रकाशन गर्न | प्रहरी रिपोर्ट फोटो १ थान, | १ दिन | दुईपटक नि:शुल्क र थप प्रतिपटक रु. ५६५।- शुल्क लिएर | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | नायव महाप्रवन्धक (प्रशासन) |
| १०. | विज्ञापन प्रसारण गर्न | विज्ञापन अर्डर पत्र, प्रसारण सामग्री तथा प्रसारण अनुमतिपत्र (Censor) | १/२ दिन | संस्थानको Rate Card अनुसार | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | महाप्रवन्धक / कार्यकारी अध्यक्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | विज्ञापन प्रसारण प्रमाणपत्र लिन | सम्वन्धित कार्यालय/एजेन्सीको पत्र | १ दिन | निःशुल्क | प्रमुख, विज्ञापन शाखा | प्रमुख, व्यापार महाशाखा/ नायव महाप्रवन्धक (प्रशासन) |
| १२. | एजेन्सी दर्ता गर्न | रु एकलाखको बैंक अफ काठमाडौं मा दाखिलाको सक्कल भौचर कम्पनी/घरेलु दर्ता, प्रबन्धपत्र र नियमावली,प्यान,कर चुक्ता, कालोसूची र बाँकी बक्यौता नरहेको स्वघोषणापत्र र सबै प्रमाणपत्रमा नोटरीबाट प्रमाणितसहित निवेदन | ७ दिन | रु २,०००।- | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | महाप्रवन्धक |
| १३. | एजेन्सी नवीकरण गर्न | कम्पनी/घरेलु दर्ता, प्रबन्धपत्र र नियमावली,प्यान,कर चुक्ता, साझेदारी तथा नाम ठेगाना परिवर्तनभए जानकारी र गत आ.व.को कर चुक्ता प्रमाणपत्र, साझेदारहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सबै प्रमाणपत्रमा नोटरीबाट प्रमाणितसहित निवेदन | ७ दिन | निःशुल्क | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | महाप्रवन्धक |
| १४.. | एजेन्सी खारेज | आधिकारिक निवेदन | ७ दिन | निःशुल्क | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | महाप्रवन्धक |
| १५.. | एजेन्सी पुनः दर्ता | निवेदन, कम्पनी दर्ता/घरेलु दर्ता, प्रबन्धपत्र र नियमावली, भ्याट/प्यान दर्ता,कर चुक्ता, सबै प्रमाणपत्रमा नोटरीबाट प्रमाणित | ७ दिन | रु. १५,०००।- | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | महाप्रवन्धक |
| १६. | संस्थानको कार्यक्रम समय बिकी, कार्यक्रम प्रायोजन, समाचारमा विज्ञापन प्याकेज बिकी आदि गर्न | वार्षिक बोलपत्र मार्फत /बाँकी समय वार्ताद्वारा बिकी निवेदन, कम्पनी दर्ता/घरेलु दर्ता, प्रबन्धपत्र र नियमावली, भ्याट/प्यान दर्ता,कर चुक्ता, सबै प्रमाणपत्रमा नोटरीबाट प्रमाणित | निर्णय पश्चात | वार्षिक बोलपत्र र व्यापार निर्देशिका वमोजिम | प्रमुख, व्यापार महाशाखा/ व्यापार प्रवर्द्धन शाखा | कार्यकारी अध्यक्ष |
| १७. | प्रत्यक्ष प्रसारण | प्रस्ताव र कार्यक्रम खाका तथा आवश्यक कागजातसहितको निवेदन | निर्णय पश्चात | संस्थानको Rate Card अनुसार | प्रमुख, व्यापार महाशाखा/ व्यापार प्रवर्द्धन शाखा | कार्यकारी अध्यक्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८. | इन्टर्नशिप गर्न | - शैक्षिक संस्थाको अनुरोध पत्र<br>- कलेजमा अध्ययनरत रहेको<br>- नागरिकताको प्रतिलिपि | ७ दिन | रु ५,०००।- | प्रमुख, कर्मचारी प्रमुख शाखा,/सम्बन्धित महाशाखा | महाप्रवन्धक |
| १९. | अवलोकन भ्रमण गर्न | - संस्थाको अनुरोध पत्र<br>- बढीमा ५० जनासम्म<br>- हप्ताको १ दिन शुक्रवार | निवेदन प्राप्त भएको एक हप्ता भित्र | निःशुल्क | प्रमुख, कर्मचारी प्रशासन शखा/प्रसारण शाखा | महाप्रवन्धक |
| २०. | टेलिभिजन प्रसारण अवरोध भएमा | -टेलिफोन बाट समस्या टिपाउन सकिने | तत्काल | निःशुल्क | प्रमुख, प्रसारण शाखा /इन्जिनियरिङ्ग महाशाखा | नायव महाप्रवन्धक (विकास) |

नोट. **सेवा प्रवाहका लागि आवश्यक पर्ने कागजात, शुल्क आदि विषयहरु संस्थानको समय समयमा भएका निर्णयानुसार फरक हुनसक्ने हुँदा सोही अनुसार हुने छ।**

छ **निर्णय गर्ने प्रकृया र अधिकारी:** सम्बन्धित शाखा, महाशाखाबाट उठान भएका विषय/टिप्पणीमा तहगत राय पेश गरी संस्थान प्रमुख/सञ्चालक समिति बाट निर्णय लिइने।

ज **निर्णय उपर उजुरी सुन्ने अधिकारी** : संस्थान प्रमुख तथा सञ्चालक समिति ।

झ **सम्पादन गरेको कामको विवरण :-** संस्थानको कार्यक्रम तथा प्रगति

**च्यानलगतरुपमा आ.व. २०७८/०७९ को मुख्य क्रियाकलाप र विषयवस्तुमा सुधारः**

नेपाल टेलिभिजनले आफ्ना सबै च्यानलहरुमा थप कार्यक्रमहरु समेत विषयवस्तुमा सुधार गर्दै आएको छ। प्रमुख कार्यक्रमहरु देहाय बमोजिम रहेको छ।

**<u>नेपाल टेलिभिजन (राष्ट्रिय प्रसारण)</u>**

**आ.व.२०७८/७९ को कार्यक्रमहरुको प्रगति विवरण**

**१. आ.व. २०७८/७९ मा भएका कार्यहरु र त्यसको प्रभाव**

| सि.नं. | कार्यहरु | प्रगतिको स्थिति | प्रभाव |
|---|---|---|---|
| १. | आजको चर्चा | जारी रहेको | सामयिक विषयमा जानकारी |
| २. | महिला अधिकार | जारी रहेको | महिला अधिकार सुनिश्चिततामा टेवा |
| ३. | योग र जीवन | जारी रहेको | जनस्वास्थ्य प्रवर्धन |
| ४. | चौतारी | जारी रहेको | साहित्य प्रवर्धन |
| ५. | सिर्जनाका सारथी | जारी रहेको | संगीत प्रवर्धन |

| | | | |
|---|---|---|---|
| ६. | मेरो देश मेरो संगित | जारी रहेको | संगीत प्रवर्धन |
| ७. | चिल्ड्रेन्स क्लब | जारी रहेको | बाल विकासमा सघाउ |
| ८. | ज्योतिष मन्थन | जारी रहेको | ज्योतिष विज्ञान प्रवर्धन |
| ९. | समृद्ध नेपाल | जारी रहेको | विकासबारे जानकारी |
| १०. | विपद् व्यवस्थापन (सुरक्षित नेपाल) | जारी रहेको | विपद् व्यवस्थापनबारे जानकारी |
| ११. | दलित सवाल | जारी रहेको | दलित हितमा सघाउ |
| १२. | विश्वास | जारी रहेको | धर्मसंस्कृति संरक्षण |
| १३. | शिक्षाको चौतारी | जारी रहेको | सूचनामूलक |
| १४. | दोहोरी च्याम्पीयन २६ भाग | सम्पन्न भएको | मनोरंजन |
| १५. | कोभिड हटलाइन (दैनिक कार्यक्रम) | जारी रहेको | कोभिड सम्बन्धी ताजा जानकारी |
| १६ | संघर्ष | जारी रहेको | महिला अधिकार र सशक्तिकरण सम्बन्धी जानकारी |
| १७ | जनस्वास्थ्य बहस | जारी रहेको | |
| १८ | जीवन चक्र | जारी रहेका | सूचनामूलक |
| १९ | कृषि कार्यक्रम | जारी रहेको | जानकारीमूलक |
| २० | तामाङ, गुरुङ, उर्दू भाषासहित ९ वटा भाषामा कार्यक्रम | जारी रहेको | जानकारीमूलक |
| २१ | सूचना मेरो हक | जारी रहेको | जानकारीमूलक |
| २२ | श्रष्टा र सिर्जना | जारी | जानकारीमूलक |
| २३ | कानूनका कुरा | जारी रहेको | जानकारीमूलक |
| २४ | डिजिटल नेपाल | जारी रहेको | जानकारीमूलक |
| २५ | परीक्षा सवाल | जारी रहेको | जानकारीमूल |
| २६ | समता संवाद | जारी रहेको | जानकारीमूलक |
| २७ | रोजगार हाम्रो सरोकार | जारी रहेको | जानकारीमूलक |
| २८ | घामछायाँ | जारी रहेको | मनोरञ्जनात्मक |
| २९ | युवा सरोकार | जारी रहेको | जानकारीमूलक |

## एनटीभी प्लस

एनटिभी प्लसका आन्तरिक उत्पादनका कार्यक्रमहरु **पुराना वृत्तचित्र**, **गीतहरु**, **भजन**, **फिलर सहित यी बाहेक** निम्न बमोजिम उत्पादन प्रसारण भएको छ ।

- नेपाल सरकार स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ शिक्षा, सूचना तथा संचार केन्द्र र नेपाल टेलिभिजन बीच २०७७ श्रावण २९ गते भएको सम्झौता अनुसार एनटिभी प्लसबाट दैनिक विहान ७:०० बजे देखि ८:०० बजे प्रसारण भैरहेको **स्वस्थ जीवन** कार्यक्रम **3**१भाग प्रसारण भएको ।
- नेपाल कृषि अनुसन्धान परिषद र नेपाल टेलिभिजन बीच भएको सम्झौता अनुरुप **कृषि अनुसन्धान र प्रविधी** नामक कार्यक्रम जम्मा ४ वटा प्रसारण भएको ।
- अमेरिकी प्रसारण संस्था **'भ्वाइस अफ अमेरिका (VOA)'** संगको सहकार्यमा प्रसारण हुदै आएको कार्यक्रम ५ वटा प्रसारण भएको ।
- सातामा ५ दिन प्रासारण हुने कार्यक्रम World Sports २१ ओटा प्रसारण भएको।
- बाहिर बाट निर्माण भै आउने पटके कार्यक्रम तथा वृत्तचित्रहरु जम्मा १२ ओटा प्रसारण भएको।
- बाहिर बाट निर्माण भै आउने निम्न नियमित दैनिक तथा साप्ताहिक कार्यक्रमहरु जम्मा ८४ ओटा प्रसारण भएको।

  दैनिक शैक्षिक कार्यक्रम
  हास्य शृंखला "अति भो"
  समृद्धिको बाटोमा
  अनमोल हेल्थ
  प्रबर्धन
  आयुर्वेदा
  प्रयास
  पोखरामा भैरहेको रियालिटी शो "Nepal Golden Idol"
  Clap Board
  बाल सरोकार
  दिगो बहस / सक्छिन छोरी
  business hour
  Youth TV show
  Sports Magazine
  एनआर एन टिभी शो क्ल्यापबोर्ड

## एनटीभी न्युज

१.आ.व २०७८/७९मा **एनटिभी न्यूज च्यानलमा** प्रसारण हुँदै आएका कार्यक्रमहरु

| क्र.सं. | सम्पन्न भएका कार्यक्रमहरु | प्रभाव |
|---|---|---|

| | | |
|---|---|---|
| **समाचार/बुलेटिनः** | | |
| १. | **समाचार**<br>(नेपालीमा दैनिक १२ वटा) | नेपाल टेलिभिजनका आम दर्शकलाई सही,आधिकारिक,तथ्यपरक र विश्वसनीय सूचना तथा जानकारीहरु प्राप्त। |
| २. | **THE NEWS** (अङ्ग्रेजीमा दैनिक ४ वटा) | अङ्ग्रेजी भाषाका समाचारहरुमा रुचि राख्ने दर्शकहरु न्यूज च्यानलबाट प्रवाह हुने सूचना तथा जानकारीबाट लाभान्वित। |
| ३. | **संस्कृत भाषामा समाचार (**साप्ताहिक) | संस्कृत भाषाको सम्वर्धनका साथै नेपाली भाषाको जननी मानिएको संस्कृतप्रति अभिरुचिमा बृद्धि। |
| ४. | **सांकेतिक भाषामा समाचार (**साप्ताहिक) | सुस्त श्रवण तथा वहिरा व्यक्तिहरु लक्षित यसप्रकारको बुलेटिनबाट ती वर्गका दर्शकहरु लाभान्वित। |
| ५. | **समाचारमा सांकेतिकरण** (दैनिक) | एनटीभीन्यूजका नियमिति बुलेटिनमा प्रसारण हुने सूचना र जानकारीहरुमा  पनि सुस्त श्रवण तथा वहिरा व्यक्तिहरुलाई सहज पहुँच। |
| ६. | **कृषि मौसम सल्लाह बुलेटिन (**साप्ताहिक) | नेपाली किसानहरुलाई कृषि/मौसम/खेती-प्रविधि जस्ता विषयमा जानकारी हुनुका साथै खेतीपाती र उत्पादकत्व बृद्धि  गर्नमा सहयोग। |
| **समाचारमूलक कार्यक्रमहरुः** | | |
| ७. | **पत्रपत्रिक (**दैनिक) | खासगरी राष्ट्रिय स्तरका पत्रपत्रिकाहरुमा छापिएका मूख्यमूख्यसमाचार/जानकारीहरु दर्शकहरुलाई तत्काल र सजिलै प्राप्त भएको। |
| ८. | **NTV NEWSLINE (**सातामा पाँच दिन) | समसामयिक विषयवस्तुहरुलाई समेटेर गरिने विश्लेषणात्मक यस कार्यक्रमबाट विभिन्य समसामयिकविषयवस्तुकोजानकारी गहन र विस्तृत रुपमा पाउनदर्शकहरुलाई सहज। |
| ९. | **प्रदेश डायरी(**बागमती ) | प्रादेशिक गतिविधिहरु  र प्रदेशमा भएका विभिन्न विकास निर्माणबारे जानकारी पाप्त हुनुका/साथै स्थानीय जनताका समस्यामाथि सवन्धित निकायहरुको ध्यानाकर्षण गराउन सहयोगी भएको। |
| **अन्तर्वार्तामा आधारित कार्यक्रमहरु/TALK SHOWS:** | | |
| १०. | **समाज र संस्कृति** (साप्ताहिक) | नेपाली समाज र सभ्यतासंस्कृतिका बारेमा विभिन्न / विचारबाट दर्शकहरु लाभान्वित।/विज्ञहरुको भनाइ |

| | | |
|---|---|---|
| ११. | **स्वस्थ समाज**(साप्ताहिक) | कोभिड-१९ को सङ्क्रमणबाट बच्ने उपायका साथै विभिन्न स्वास्थ्य समस्याहरु तिनबाट जोगिने उपायबारे विज्ञ चिकित्सकहरुबाट जानकारी प्रदान हुने गरेको । |
| १२. | **शिक्षा विवेचना** (साप्ताहिक) | नेपालको समग्र शैक्षिक क्षेत्रका विविध आयाम र गतिविधिहरुबारे आम दर्शकरुलाई जानकारी र सूचनाउपलब्ध हुने गरेको। |
| १३. | **आवाज** (साप्ताहिक) | देशको कला/साहित्य/संगीतका साथै विकास निर्माणका गतिविधिहरुर अन्य समसामयिक विषयहरुमा विज्ञहरुको आवाज समेटिएको । |
| १४. | **गन्तव्य नेपाल** (साप्ताहिक) | नेपालको पर्यटन क्षेत्र र यसको विकासका सम्भावनाहरुबारेका जानकारी र सूचनाहरुबाट दर्शकरुहरु लाभान्वित भएको । |
| १५. | **यो साता** (साप्ताहिक) | मूलतः राजनीतिक विषयबस्तुमा आधारित यो साता कार्यक्रमबाट देशमा भइरहेका पछिल्ला राजनीतिक घटनाक्रमबारे जानकारी उपलब्ध हुने गरेको। |
| १६. | **समयचक्र** (साप्ताहिक) | विभिन्न समसामयिक विषयहरुमा गरिने अन्तरवार्ताहरुबाट दर्शकहरुलाई संवन्धित विषयहरुमा विज्ञहरुको विचारसहितको जानकारी लिन सहज । |
| १७. | **टक टाइम** (साप्ताहिक) | |
| १८. | **जिज्ञासा** (साप्ताहिक) | |
| **अन्य/विविध कार्यक्रमहरुः** | | |
| १९. | **वैदिक ज्ञान विज्ञान** (सातामा दुई दिन) | धर्म, संस्कृति परम्परा,वास्तुशास्त्र जस्ता विषयमा चासो राख्ने दर्शकहरु बढी लाभान्वित भएको । |
| २०. | **विश्व घटना** (साप्ताहिक) | विश्वका विभिन्न देशमा भएका घटनाहरुबारे दर्शकहरुलाई जानकारी । |

## एनटीभी कोहलपुर

नियमित कार्यक्रमका अतिरिक्त एनटीभी कोहलपुरले बाँकेको राप्ती सोनारी गाँउपालिकासंगको सहकार्यमा जनतासँग जनप्रतिनिधि र बर्दियाको बारबर्दिया नगरपालिकासँगको सहकार्यमा जनतासँग मेयर कार्यक्रम उत्पादन गरी प्रसारण सुरु गरिएको छ । यसैगरी बर्दियाको बाँसगढीस्थित केदारेश्वरधामको बृत्तचित्र निर्माण गरी प्रसारण गरिएको छ । प्रदेश सरकार र थप पालिकाहरुसँग सम्झौता गरी कार्यक्रम निर्माण गर्ने क्रम जारि छ।

गत वर्ष यस च्यानलमा दर्ता भएका विज्ञापन एजेन्सीहरुले नविकरण गरेका छन् भने केही नयाँ एजेन्सीहरु दर्ता भएका छन् । ति मध्य दुईवटा एजेन्सीले समय खरिद गरी कार्यक्रम प्रसारण गरिरहेका छन् भने केही एजेन्सी समय खरिद गर्ने प्रकृयामा छन् । विभिन्न एजेन्सी मार्फत् विज्ञापन तथा बृत्तचित्रहरु पनि एनटिभी कोहलपुरबाट प्रसारण भइरहेका छन् ।

एनटिभी कोहलपुरको स्टुडियो Acoustic गर्ने कार्य सम्पन्न भएको छ। यस्तै डबिङ रुममा पनि Acoustic गरिएको छ। Acoustic पछि थप लाइट र आबश्यक सामानहरु सहित स्टुडियोलाई थप व्यवस्थित गरिएको छ। हमर नाच मेगा रियालिटी शो र कुमाल लगायतका जातजातिको वृत्तचित्रहरु निर्माण गरिएको छ।

**एनटिभी इटहरी च्यानल**

## सहकार्यका लागि विभिन्न सम्झौता

एनटिभी इटहरी च्यानलले प्रदेश सरकार, विभिन्न स्थानीय सरकार र नीजि क्षेत्रसंग कार्यक्रम उत्पादन तथा प्रसारणका लागि सहकार्य सम्झौतामा हस्ताक्षर गरेको छ। एनटिभी इटहरीले विज्ञापन र वृत्तचित्र प्रसारणबाट उत्साहजनक आम्दानी गरेको छ।

एनटिभी इटहरी च्यानलले प्रदेश नं २ सरकारसंग प्रदेश डायरी निर्माण तथा प्रसारणका लागि सहकार्य सम्झौता गरेको छ। प्रदेश नं २ को प्रदेश डायरी कार्यक्रम एनटिभी इटहरीबाट प्रत्यक शनिवार साँझ ७ वजेको समाचारपछि र एनटिभी न्यूजबाट सोमवार साँझ ७ वजेको समाचारपछि प्रसारण हुने छ। प्रदेश २ सरकारले साप्ताहिक कार्यक्रम प्रदेश डायरी निर्माण तथा प्रसारणका लागि पहिलो पटक सहकार्य गरेको हो। त्यसैगरी प्रदेश २ का धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरुको प्रवर्द्धनका लागि भिडियो फिलर निर्माण तथा प्रसारणका लागि उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालयले एनटीभी इटहरीसँग सहकार्य गरेको छ।

**स्थानीय सरकारसंगको सहकार्य**

एनटिभी इटहरीले स्थानीय सरकारसंगको सहकार्यका लागि निमित कार्यक्रम निर्माण तथा प्रसारण र पालिका प्रोफाइल नामक कार्यक्रम संचालन गरेको छ। संघीयताको कार्यन्वयनसंगै स्थानीय सरकारको गठनपछि विकास निर्माण, स्वास्थ्य, शिक्षा र सेवा प्रवाहमा भएका परिवर्तन र नागरिकका आवाज र अपेक्षालाई समेटेर तयार गरिने कार्यक्रमका लागि विभिन्न स्थानीय सरकारले सहकार्य सम्झौता गरेका छन्। स्थानीय सरकारको आवश्यकता र दर्शकको रुचीको कार्यक्रम निर्माण तथा प्रसारणका लागि विभिन्न स्थानीय सरकारले अभिरुची पनि देखाएका छन्। नियमित कार्यक्रम निर्माण तथा प्रसारणका लागि पर्साको वीरगंज महानगरपालिकासंग सहकार्य सम्झौता सम्पन्न गरी भदौ महिनाबाटै हाम्रो वीरगंज राम्रो वीरगंजको उत्पादन तथा प्रसारण शुरु भएको छ। यसैगरी हाम्रो धरान कार्यक्रमको उत्पादन तथा प्रसारणका लागि निरन्तरता सम्झौता सम्पन्न भएको छ।

**समावेशी कार्यक्रम उत्पादन तथा प्रसारणमा सक्रियता**

एनटिभी इटहरीले प्रदेश नं १ र २ मा बढी वोलिने भाषाहरुको कार्यक्रम प्रसारण सुरु गरेको छ। राष्ट्रिय प्रसारण नेपाल टेलिभिजनबाट प्रसारित लिम्वु भाषाको कार्यक्रम तुम्दङ, थारु भाषाको कार्यक्रम समाद, मैथिली भाषको कार्यक्रम चौबटीया र भोजपुरी भाषाको कार्यक्रम भोजपुरी आवाजको प्रसारण शुरु गरेको छ। यसैगरी समावेशी समाज नामक कार्यक्रमको छाँयाङ्कन गरी असोज महिनाबाट प्रसारणको तयारी गरेको छ। एनटिभी इटहरीले सवै राई भाषीहरुलाई समेट्ने गरी सुप्तुलुङ सेवा नामक कार्यक्रमको उत्पादन तथा प्रसारणको तयारी पनि गरेको छ। एनटिभी इटहरीले लिम्वु भाषा, थारु भषा र मैथिली भाषाका गीतहरुका साथै किराँत मिथकका कथाहरु शीर्षकमा गीतहरुको प्रसारण पनि शुरु गरेको छ॥

१. आ.व. २०७८/७९ मा भएका कार्यहरु

| क.सं. | जारी रहेका कार्यक्रम | प्रभाव |
|---|---|---|
| **(क)** | **कार्यक्रम उत्पादन तथा प्रसारण (उत्पादन शाखा)** | |
| १. | कफिगफ -दैनिक कार्यक्रम भएपनि प्रदेश सरकारसंगको सहकार्यमा जनतासंग मुख्यमन्त्री र आर्थिक वहस कार्यक्रम प्रसारण हुने समयमा तथा आकस्मिकरुपमा अतिथि नआउँदा पुन प्रसारण हुने गरेको । | विविध क्षेत्र र समससामयिक तथा समावेशी विषयवस्तुमा समावेशी र जिम्मेवार व्यक्तिहरुको आधिकारिक विचार संप्रेषण । उत्पादन र प्रसारण समयमा बृद्धी । |
| २. | फिजिकल फिटनेश (सूर्योदय फिटनेश) | स्वस्थ्य र तन्दुरुस्तीका लागि युवा दर्शकहरुको रुचीको नयाँ कार्यक्रमबाट दर्शक संख्या तथा उत्पादन र प्रसारण समयमा बृद्धी । |
| ३. | सूर्योदय योगा | आम नागरिकको रुची अनुसारको नयाँ कार्यक्रमबाट दर्शक संख्या तथा उत्पादन र प्रसारण समयमा बृद्धी । |
| ४. | डायल इटहरी (दैनिक) | स्थापित कलाकारहरुसंग गरिएको स्टुडियो कुराकानी तथा प्रत्यक्ष लिइने टेलिफोन कलबाट युवा दर्शकहरुको संख्यामा बृद्धी । |
| ५. | हाटबजार (साप्ताहिक) कोभिडका कारण पूर्णरुपमा संचालन हुन नसकेको | सामुहिकरुपमा भेला भएर लाग्ने हाटवजार कार्यक्रमको निर्माण तथा प्रसारणबाट स्थानीय उत्पादन र आर्थिक गतिविधिबारे जानकारी सफल |
| ६. | समृद्धीको यात्रा (साप्ताहिक) | प्रदेशका विकास गतिविधिबारेको जानकारी र समृद्धीको यात्रामा सहयोगी । |
| ७. | हाम्रो स्वास्थ्य (साप्ताहिक) | जनस्वास्थ्यबारे जानकारी दिन सफल, कोभिडका समयमा उत्पादित कार्यक्रमबाट अधिकाँश दर्शक लाभाम्वित । |
| ८. | प्रदेश प्रसंग (साप्ताहिक) | प्रदेश सरकारका जिम्मेवार व्यक्ति र पदाधिकारीका लागि आधिकारिक प्लेटपार्मको निर्माण । |
| ९. | दैनिक समाचार बुलेटिनको संख्या ५ वटा बाट बृद्धी गरी १० वटा पुऱ्याइएको । यसअघि विहान ९ वजे दिउसो ३ वजे र साँझ ५ र ७ तथा राती ९ वजे प्रसारण हुने गरेको समाचार बुलेटिनको रेकर्डेड भर्सन साँझ ४ वजे, राती १० र ११ वजे विहान ५ वजे तथा विहान ११ वजे पुन प्रसारण गरिएको । विहान १० र १२ वजे समाचार संक्षेप | समाचार बुलेटिनहरुको रेकर्डेड प्रसारणले च्यानलको प्रसारण समयमा बृद्धी तथा नयाँ विज्ञापनहरुका लागि वजार प्रवर्द्धनमा सहजता । |
| १० | साँझ ७ वजेको समाचारमा सामाजिक विकास मन्त्रालयसंगको सहकार्यमा सांकेतिकरणको व्यवस्था । | श्रवणशक्ति गुमाएका ठूलो संख्याका दर्शकहरुको सूचना पहुँचमा वृद्धिका साथै च्यानलको आम्दानीमा समेत बृद्धी । |

ञ **सूचना अधिकारी र प्रमुखको नाम र पदः-** डा. टंकप्रसाद उप्रेती, प्रमुख, कार्यक्रम महाशाखा

संस्थान प्रमुख - श्री समीर जंग शाह

महाप्रबन्धक - श्री फूलमान वल तामाङ

गुनासो सुन्ने अधिकारीको नाम - विष्णुराम न्यौपाने/ नायव महाप्रबन्धक (प्रशासन)

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :-**

१ संचार संस्थान ऐन, २०२८

२ राष्ट्रिय प्रसारण ऐन, २०४९

३ राष्ट्रिय प्रसारण नियमावली, २०५२

४ सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४

५ नेपाल टेलिभिजन गठन आदेश राजपत्र, २०४३

६ राष्ट्रिय आमसञ्चार नीति, २०७३

७ नेपाल टेलिभिजन संस्थान कर्मचारी सेवासर्त (छैठौं संशोधन) विनियमावली २०६६

८ नेपाल टेलिभिजन आर्थिक विनियमावली, २०६६

९ ब्यापार निर्देशिका २०६१ छैठौं संशोधन, २०७४

१० नेपाल टेलिभिजन संस्थान कार्यक्रम निर्देशिका, २०७३

११ कार्यक्रम उत्पादन तथा खर्चको मापदण्ड (शंसोधित २०७६)

१२ नेपाल टेलिभिजनका समाचार वाचक र कार्यक्रम प्रस्तोताको लागि ड्रेस कोड, २०७५

१३ नेपाल टेलिभिजन समाचार निर्देशिका, २०७५

१४ नेपाल टेलिभिजन बैदेशिक भ्रमण ब्यवस्थापन कार्यविधि, २०७५

**ठ आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :-**

- आ.व.२०७८/७९ को पुस मसान्त सम्ममा सम्झौता तथा सहकार्य रु.५२,९८,०५,७८३।- सम्पन्न भैसकेको ।

**ड तोकिए बमोजिमका अन्य विवरण :-** **x**

**<u>सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशन गर्नु पर्ने अतिरिक्त सूचनाको विवरण</u>**

क अघिल्लो आर्थिक बर्षमा नेपाल टेलिभिजन संस्थानले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:-χ

ख नेपाल टेलिभिजन संस्थानको वेभसाईट भए सोको विवरण:- www.ntv.org.np

(ख१) नेपाल टेलिभिजन संस्थानले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझोता सम्बन्धी विवरण :- χ

(ख२) नेपाल टेलिभिजन संस्थानले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :-

(ख३) नेपाल टेलिभिजन संस्थानले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकीएको समयावधि:-

(ख४) नेपाल टेलिभिजन संस्थानमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:-

**नेपाल टेलिभिजनका सूचना अधिकारी सँग फोनबाट माग गरिएका सूचनाहरुको विवरणः**

| क्र सं | सूचना माग गरिएको विषय | सूचना माग गरिएको प्रकृति | संख्या | माग भएको स्थान/ माध्यम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यक्रम सम्बन्धी | प्रसारण समय र हास्य कार्यक्रम र बृत्तचित्र प्रसारण | १०वटा | फोन मार्फत माग भएको | |
| २ | समाचार सम्बन्धी | सम्पर्क नम्बर | १० वटा | फोन मार्फत | |
| ३ | ब्यापार सम्बन्धी | रेटकार्ड सम्बन्धी | १५ वटा | फोन मार्फत | |
| ४ | ईन्जिनियरिङ सम्बन्धी | डिजीटल टिभी हेर्ने तरीका बारे | १५ वटा | फोन मार्फत | |
| ५ | परीक्षा सम्बन्धी | स्थगित परीक्षा सन्चालन बारे | २०० वटा | फोन मार्फत् | |
| ६ | कर्मचारीको सम्पर्क नं. | सम्बन्धीत शाखा/ महाशाखा प्रमुख | १२ वटा | फोन मार्फत | |
| | | **जम्मा** | २६२ | | |

**ग नेपाल टेलिभिजन संस्थानका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:-** मासिक प्रगति विवरणसम्बन्धी इबुलेटिन प्रकाशन हुने गरेको छ ।